## अर्जुनधारा नगरपालिकाको नीति तथा कार्यक्रम

## आर्थिक वर्ष २०७६/०७७

प्रस्तोता उप प्रमुख श्री कमला खतिवडा आचार्य

यस गरिमामय नगरसभाका सभाध्यक्ष महोदय,

सर्व प्रथम संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि आफ्नो ज्यानको आहुति दिने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरुको स्मरण एवं उहाँहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु ।

दशकौं लामो बलिदानी संघर्षपछि प्राप्त भएको लोकतान्त्रिक गणतन्त्रको रक्षा गर्दै युगान्तकारी राजनैतिक परिर्वतन पछि देशलाई समृद्धिको बाटोको तर्फ लाग्ने क्रममा राज्य पुर्नसंरचनासंगै स्थानीय तहको गठन पश्चात आज तेस्रो बर्षको यस नगरपालिकाको नीती तथा कार्यक्रम प्रस्तुत गर्न पाउंदा मलाई खुसी लागेको छ । सुशासन, विकास र समृद्धिमा उल्लेखिय उपलब्धि प्राप्तिका लागि यसको आधारशिला हामीले निर्माण गर्न सफल भएका छौ । २ बर्ष पुरा गरी तेस्रो बर्षको पूर्व सन्ध्यामा आइपुग्दासम्म कानुनी आधार र प्रशासनीक संगठनको कार्य अघि बढिरहेको छ । "समृद्ध नेपाल सुखी नेपाली" को मुल मर्मलाई स्थानीय स्तरका जनता माझ लगेर महसुस गराउनु आजको मुख्य कर्तव्य रहेको छ ।

हामीले विगतमा सोचे जस्तो उपलब्धि हासिल गर्न समय लागे पनि केहि महत्वपूर्ण कार्यको थालनी गरेको छौ । गत आ.व. २०७४/०७५ मा झोलुङ्गे पुल १ वटा, कल्भर्ट ५४ वटा, ग्राभल ५० कि.मी, कालोपत्रे ३ कि.मी. , सिचाई १०० विगाहामा, भवनहरु ७ वटा र विद्युत तर्फ ३०० पोल र तार जडान गर्ने कार्य सम्पन्न भएको थियो भने चालु आ.व. २०७५/०७६ को जेष्ठ मसान्तसम्म ग्राभल १०० कि.मी, पुल कल्भर्ट साना, ठुला २१ वटा, कालोपत्रे २.७ कि.मी, ४८० थान पोल, तार विस्तार, झोलुङ्गे पुल ३ वटा, सिचाई वेरिङ ५० वटा, ढल नाला २ कि.मी, तटबन्धन १६ वटा स्पर १८०० मि., माटोको ड्याम २००० मि. र भवन तथा मठ, मन्दिर गुम्बा ३२ वटा, खानेपानीको पाइप विस्तार १२ कि.मी , खानेपानी टयुवेल २८ वटा र ह्युम पाइप ५२० वटा जडान गर्ने कार्य सम्पन्न भई सकेको छ । कृषि, पशुपंक्षी विकास कार्यक्रममा पकेट प्याकेट कार्यक्रम अगाडि बढाइएको छ, शिक्षा, युवा तथा खेलकुद, स्वास्थ्य र समाजकल्याण तर्फ समेत उल्लेखिय कामहरु भएको छ । यसमा केहि नगर गौरवका योजनाहरु सोचे जसरी अगाडि बढि रहेका छन् ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को (दफा ६५, ६६) राजश्व परामर्श समिति र श्रोत अनुमान तथा बजेट निर्धारण समितिको सिफारिशको आधारमा प्राप्त हुने आन्तरिक आय, राजश्व बाडंफाडबाट प्राप्त हुने रकम, अनुदान, नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तिय हस्तान्तरण प्राप्त मार्गदर्शन विषयगत क्षेत्रगत बजेट तथा मार्ग दर्शनको अधिनमा रही दफा ६७ बमोजिमको बजेट तथा कार्यक्रम तर्जुमा समितिको तर्फबाट नगर कार्यपालिकाबाट स्वीकृत तपसिल बमोजिमको आगामि आ.व. २०७६/०७७ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

आगामि आ.व. २०७६/०७७ को बार्षिक योजना तथा बजेट तर्जुमा गर्दा देहायका बिषयहरुलाई आधार मानिएको छ ।

- नेपालको संविधान र संघीय बजेट नीति तथा कार्यक्रम
- संघीय आवधिक विकास योजनाले परि लक्षित गरेको बिषयहरु

२०७६।०३।०८

नगर प्रमुख

- प्रादेशिक नीति तथा कार्यक्रम
- दिगो विकास र अर्न्तसम्बन्धित विषय
- स्थानीय सरकार सञ्चालन ऐन २०७४
- स्थानीय तहको योजना तर्जुमा, दिगदर्शन २०७४
- सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४

बजेट तथा योजना प्राथमिकीकरणका आधारहरु

- स्थानीय स्तरबाट सिफारिश भई आएका जनतालाई प्रत्यक्ष सेवामा सहयोग गर्ने ।
- शुसासन कायम गर्न योग्दान पुर्‍याउने ।
- राजश्व वृद्धिमा सहयोगी हुने कार्यहरु
- विकास तथा समृद्धिमा योग्दान पुर्‍याउने ।
- वातावरण संरक्षण मानव संसाधन र सन्तुलित विकासमा टेवा पुर्‍याउने ।

प्रस्तुत बजेट, नीति, योजना तथा कार्यक्रमको सफलता पूर्वक कार्यन्वयन तथा लक्षित उपलब्धीहरु प्राप्त गर्नका लागि देहाय बमोजिमको नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहन्छु ।

१) **भौतिक पूर्वाधार विकास नीति**

"गुणस्तरयुक्त भौतिक पुर्वाधार ,दीगो विकासको आधार"

- ❖ भौतिक पूर्वाधार क्षेत्रको एकिकृत र व्यवस्थित विकासका लागि अल्पकालिन,मध्यकालिन र दीर्घकालिन सोचका साथ विकास निर्माणका कार्यहरु अघि बढाइनेछ । एकीकृत नगर विकास योजना निर्माण आ.व. २०७६/०७७ मा गरिनेछ ।
- ❖ सडकको मापदण्ड र क्षेत्राधिकारलाई प्रभावकारी कार्यन्वयन गरी सडक अतिक्रमणलाई निरुत्साहित गरिनेछ ।
- ❖ भौतिक पूर्वाधार विकासमा ठूलो लगानी आवश्यक रहेको हुंदा नगरपलिकालाई प्राप्त बजेटबाट मात्र पूर्वाधार विकास सम्भव नहुने कुरालाई ध्यानमा राखी भौतिक पूर्वाधारमा संघ, प्रदेश दातृ संस्था ,सार्वजनिक निजि साझेदारी, प्रधानमन्त्रि रोजगार कार्यक्रम र लागत लाभका आधारमा निजी तथा सामुदायिक क्षेत्र सवैको सहयोग र सहकार्यमा योजनाहरु संन्चालन गरिनेछ ।
- ❖ बढी भन्दा बढी जनसहभागिता जुट्ने लागत साझेदारी योजनाहरुलाई प्राथमिकता दिईनुका साथै नगरपालिकाबाट सञ्चालन हुने योजनाहरु र उपभोक्ता समितिसञ्चालन कार्यविधिसम्बन्धि ज्ञान भएका उपभोक्ताहरुलाई अनिवार्य रुपमा सहभागी गराईने नीति लिईनेछ । साझेदारीमा कार्यक्रम सन्चालन गर्नका लागि रु २ करोड विनियोजन गरिएको छ ।
- ❖ विगतमा झै नगरका मुख्य सडकहरुलाई मापदण्ड बमोजिम नै चौडा बनाउने र पैदल मार्ग समेत बनाउने कार्यलाई प्राथमिकता दिईनेछ । भवन निर्माण सम्बन्धी मापदण्ड यसै सभाबाट पारित गरी लागु गरिनेछ ।
- ❖ भौतिक पूर्वाधार निर्माण गर्दा उपभोक्ता समिति मार्फत गरिने निर्माणमा अनिवार्य लागत सहभागिता हुनुपर्नेटछ ।

- साझेदारी कार्यक्रम सञ्चालन गर्दा पूर्वाधार,उत्पादन,पर्यटन,सँस्कृति,धर्म,सभ्यता र चेतनामूलक कार्यक्रम तथा योजनाहरुलाई प्राथमिकता दिइनेछ ।
- ऐतिहासिक धार्मिक महत्व बोकेको शनिश्चरे बजारलाई आधुनिक र सुन्दर बजार निर्माणकार्यलाई निरन्तरता दिइनेछ । यसको लागि रु ५० लाख विनियोजन गरिएको छ ।
- **प्रदेश सरकारको एक स्थानीय तह एक पर्यटकीय पूर्वाधार निमार्ण** आयोजनासंग तादात्म्यता गरी वडा न २ को सहकाले, साठीमुरे क्षेत्रको पर्यटकीय विकास गरिनेछ । शनिश्चरे बजार क्षेत्रमा विश्राम स्थल,पार्किङ्ग स्थल,सार्वजनिक शौचालय र सुन्दर बजार क्षेत्र निर्माणका लागि (धार्मिकपर्यटनको अवधारणा अनुरुप) प्रक्रिया अघि बढाईनेछ ।
- नीजि क्षेत्र, वित्तिय संस्थासंगको सहकार्यमा अपराध तथा दुर्घटना नियन्त्रणका लागि नगरका बजार क्षेत्र तथा मुख्य सडकहरुमा सिसि क्यामेरा र सडक बत्ति जडान गरिनेछ ।
- नगर क्षेत्र भित्रका मजदुर एवं विभिन्न पेशाकर्मीहरुको तथ्यांक संकलन गरी नगरपालिकामा सूचिकरण हुने व्यवस्था मिलाई सूचिकृत मजदुरहरुको संगठित संस्थाबाटै नगरपालिकाबाट सञ्चालित योजनाहरुसञ्चालन गर्न प्रोत्साहित गरिनेछ । मजदुरको हित संरक्षणका लागि श्रमिक सहयोग कोष स्थापना गरी रु १० लाख विनियोजन गरिनेछ ।

**२) खानेपानी तथा सरसफाई नीति**

"स्वच्छ खानेपानी तथा पूर्ण सरसफाई अभियान, अर्जुनधारा बासीहरुको पहिचान"

- नगर क्षेत्रभित्रमा स्वच्छ र शुद्ध खानेपानीको सुविधा नपुगेको स्थानमा खानेपानीको सुविधा पुऱ्याउने व्यवस्थालाई निरन्तरता गरिनेछ । केन्द्र तथा प्रदेश सरकार समेतको सहयोगमा नगरपालिका क्षेत्रका सबै खानेपानीहरुमा फिल्टर जडान गरी स्वच्छ र सफा पानीको पहुच सत प्रतिशत पुर्‍याइनेछ ।
- Post ODF कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गरी अर्जुनधारा नगरपालिकालाई पूर्ण सरसफाइ युक्त नगरपालिका समेत घोषणा गर्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ । यसको लागि पूर्ण सरसफाई कोष स्थापना गरी आवश्यक बजेट विनियोजन गरिनेछ ।
- नगरक्षेत्र भित्र उत्पादन हुने फोहोरको समुचित व्यवस्थापन गर्न ल्याण्डफिल साईटको खोजी,फोहोर प्रशोधन तथा व्यवस्थापन सम्बन्धि कार्यक्रमहरु गरिनुका साथै फोहोर व्यवस्थापनका लागि सहकार्य तथा साझेदारीमा उचित कार्यक्रमहरु सञ्चालन गर्ने, फोहोरलाई मोहर बनाउने नीति लिईनेछ । कुहिने र नकुहिने फोहोरहरुलाइ व्यक्तिका घरबाटै छुट्ट्याउन seggregate गर्ने कार्यलाइ प्रोत्साहन गरिनेछ ।
- नगरपालिका क्षेत्र भित्र प्लाष्टिकजन्य झोलाहरुको प्रयोगलाई निरुत्साहित गर्दै कपडा तथा कागजका झोलाहरुलाई प्रोत्साहन गर्नका लागि निजी संघ संस्थासँग साझेदारी गरी अगाडी बढ्ने नीति अवलम्बन गरिनेछ । वि.स २०८० साल सम्ममा यस नगरलाई **प्लाष्टिक झोलामुक्त नगर** को रुपमा विकसित गरिनेछ ।

**३) विपद् व्यवस्थापन तथा राहत सम्बन्धि नीति**

"प्राकृतिक प्रकोपको आहत, पूर्वतयारी तथा पिडितहरुलाई राहत"

- नगरक्षेत्रमा आईपर्ने प्राकृतिक विपत्तीहरुबाट हुने क्षति न्यूनीकरण गर्न  प्रकोप न्यूनिकरण सम्बन्धि जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ । प्रकोप सम्बन्धि पूर्व सूचना प्रणाली, प्रविधिहरुको प्रयोग लगायत विभिन्न विपद पूर्व तयारी तथा प्रतिकार्य योजना निर्माण गरी कार्यन्वयन गर्ने नीति लिईनेछ ।
- प्राकृतिक प्रकोपबाट जनधनको क्षति व्यहोरेका नागरिकलाई तत्काल राहतका लागि उचित सहयोग गर्ने नीति लिईनेछ ।यसको लागि प्रकोप राहत कोष स्थापना गरी आवश्यक रकम विनियोजन गरिनेछ ।
- विपद्बाट क्षति भएका र हुनसक्ने भौतिक पूर्वाधारहरुको तत्काल रोकथाम, पुनर्निर्माण लगायतका कार्यका लागि आवश्यक सामाग्रीहरु तत्काल उपलब्ध गराउने नीति लिईनेछ ।
- नगरपालिका बाट तयार गरिएका विपद् प्रतिकार्य टोली Rapid Response Team लाई प्रभावकारी परिचालन तथा व्यवस्थापन गर्ने नीति लिईनेछ ।

४) **विद्युत तथा वैकल्पिक उर्जा सम्बन्धि नीति**

"घर घरमा उर्जा,जीउ धनको सुरक्षा "

- आगामी तिन वर्ष भित्र यस नगरपालिकालाइ पूर्ण रुपमा विद्युतिकरण गरिनेछ ।
- सम्पुर्ण नगर क्षेत्रभित्र विद्युतसेवा विस्तार गरी उज्यालो नगर वनाउने नीति लिईनेछ ।
- उपभोक्ताहरुको सहकार्यमा मूल सडकमा सौर्य सडक बत्ति सञ्चालन गर्ने नीति लिईनेछ ।
- नीजि क्षेत्र तथा संघसंस्थाको सहकार्य, वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रको साझेदारीमा वैकल्पिक उर्जाको सम्भावना र अवसरको खोजी गर्दै वैकल्पिक उर्जाको प्रयोग लाई बढावा दिने नीति लिईनेछ । नगरपालिकाको कार्यालयमा वैकल्पिक उर्जाको प्रयोग गर्ने नीति लिईनेछ ।
- वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र एवम अन्य सम्बन्धित निकायहरु संग सहकार्य गरी सौर्य उर्जा, नविकरणिय उर्जा एवम् गोवर ग्यास आदिको विस्तार गरिनेछ ।

५) **सामाजिक विकास सम्बन्धि नीति**

**"शिक्षा र स्वास्थ्य गतिशिल जिवनको व्यवस्था"**

**न चोरिने न हरिने ज्ञान शिप नै शिक्षा हो ।**

**शिक्षा सम्बन्धि नीति**

- आगामी पाच वर्ष भित्र अर्जुनधारा नगरपालिकाको साक्षरता दर शत प्रतिशत बनाइनेछ । यसका लागि औपचारिक शिक्षा, अनौपचारिक शिक्षा, प्रौढ शिक्षा तथा सामुदायिक सिकाइमा जोड दिनुका साथै अर्जुनधारा नगरपालिकामा रहेका सबै सामुदायिक विद्यालयहरुको भौतिक स्तरोन्नति एवम शैक्षिक गुणस्तरमा वृद्धि संघ र प्रदेश सरकारसँग समन्वय गर्दै गरी यस नगरपालिका लाइ पूर्वकै प्रमुख शैक्षिक केन्द्र बनाइनेछ ।

- सबैका लागि समावेशी शिक्षा र गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने , श्रम बजारको माग अनुसारको जनशक्ति तयार गर्ने, शिक्षाको विकासद्वारा कुरीति, कुसास्कार, अन्धविश्वासको अन्त्य गर्ने, स्वावलम्वी र स्वाभिमानी नागरिकहरु तयार गर्ने नीति लिइनेछ ।
- बालविकास केन्द्रको समुचित संरक्षण गर्दै भौतिक पूर्वाधार तथा शैक्षिक गुणस्तर अभिवृद्धि गर्न संघीय र प्रादेशिक सरकारसँग संयोजन गर्दै परिमार्जन र व्यवस्थापन यहि आर्थिक वर्षबाट थालनी गरिने छ। आधारभुत र माध्यमिक विद्यालयको विकासका लागि विशेष ध्यान पुऱ्याइनेछ ।
- विद्यालयहरुको भौतिक पूर्वाधार र सुविधाहरुको न्युनतम मापदण्ड निर्माण गरी विद्यालय सुधार योजनाको आधारमा आगामी ३ वर्षभित्र सबै विद्यालयहरुलाई उक्त मापदण्ड अनुसार विकास गरिनेछ ।
- समग्र शैक्षिक प्रशासनलाइ व्यवस्थित गर्न नगर शिक्षा ऐन तथा नियमावली एवम् आवश्यक कार्यविधि एवम् मापदण्डहरु तयार गरी लागू गरिनेछ ।
- आगामी शैक्षिक सत्रमा स्थानिय पाठ्यक्रम अन्तर्गत शारिरिक व्यायाम, आत्मरक्षा, योग,कला ,साहित्य, अध्यात्म साथै नागरिक नैतिक शिक्षाको अध्यापन प्रारम्भ गरिनेछ ।
- विद्यालय शिक्षक शिक्षिकाहरुको क्षमता अभिवृद्धिका लागि प्रधानाध्यापक, शिक्षक, कर्मचारीहरुलाई इमान्दार,नैतिकवान र कर्तव्यनिष्ठ बन्ने वातावरण बनाइनेछ ।
- सबै विद्यालयमा छात्राशौचालय, रजस्वलाको समयमा उपयोग हुने सेनिटरी प्याड, आवश्यक औषधि र आराम कक्षको व्यवस्था यसै आर्थिक वर्षबाट सुरुवात गरिनेछ ।
- बालमैत्री स्थानिय शासनको अवधारणा अनुरुप विद्यार्थी भर्ना अभियान, बालमैत्री भौतिक पूर्वाधार एवम् बाल मैत्री कक्षा कोठाहरु निर्माण गरिनेछ । आगामी आर्थिक वर्षमा प्रत्येक वडाका न्यूनतम एकवटा बाल विकास केन्द्रलाइ नमूना बाल विकास केन्द्रको रुपमा विकास गरिनेछ ।
- विद्यार्थीहरुको रचनात्मकतामा अभिवृद्धि गर्न अन्तर विद्यालय खेलकूद, भ्रमण (excurtion) हाजिरीजवाफ तथा वक्तृत्व प्रतियोगिता जस्ता रचनात्मक कार्यक्रमहरु संचालन गरिनेछ ।
- सबै विद्यालयहरुमा इन्टरनेटको पहुच सुनिश्चित गरी इन्टरनेट एवम कम्प्युटरको ज्ञान सबै विद्यार्थीहरुलाइ क्रमशः प्रदान गर्दै लगिनेछ र सुरुवात यसै आर्थिक वर्षबाट गरिनेछ ।
- संस्थागत विद्यालयहरुले शैक्षिक उन्नयनमा पुऱ्याएको योगदानको कदर गर्दै प्रभावकारी अनुगमन र नियमन सहित संस्थागत विद्यालयहरुलाई प्रोत्साहन गरिनेछ । ज्ञान आदान प्रदान, खेलकूद एवम् अन्तरविद्यालय प्रतियोगिताहरुमा संस्थागत विद्यालयहरुसंग साझेदारी तथा सहकार्य गर्ने वातावरण निर्माण गरिनेछ ।
- अनौपचारिक शिक्षाको क्षेत्रमा काम गर्ने यस नगरभित्र संचालित सामुदायिक सिकाइ केन्द्रहरुको संस्थागत क्षमता विकास गर्दै जीवन उपयोगी सीप विकास कार्यक्रमहरु सिकाइ केन्द्र मार्फत् संचालनको सुनिश्चितता गरिने छ ।
- प्रत्येक विद्यालयमा स्थापना भएका वालक्लब , जुनियर रेडक्रस सर्कल , स्काउट आदिको क्षमता विकास गरी । हरेक क्रियाकलापमा संलग्नता गराउने व्यवस्था यसै आर्थिक वर्षबाट थालिनेछ ।

अर्जुनधारा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शनिश्चरे, झापा
१ नं. प्रदेश, नेपाल

- अभिभावक शिक्षालाई प्राथमिकतामा राखी बालबालिकाहरुको नियमितता वृद्धि, विद्यालय छाड्ने दर न्युनीकरण र घरमा अध्ययन गर्ने बानी, समय र अवसरमा व्यवस्थापन समिति मार्फत वृद्धि गरिनेछ ।
- बालबालिकाहरुलाई कुलत र दुर्व्यसनीबाट मुक्त राख्न अभियान सञ्चालन गरिनेछ ।
- समग्र शिक्षा क्षेत्रको विकासका लागि शशर्त अनुदान बाहेक थप रु १ करोड विनियोजन गरिएको छ ।
- विद्यालयका प्रधानाध्यापकहरुलाई प्रशासनिका कामकाजका लागि विभिन्न निकायहरु धाउनु पर्ने बाध्यताको अन्त्यका लागि विद्यालय व्यवस्थापन समितिका अध्यक्षलाई नै प्रशासनिक भूमिका निर्वाह गर्नुपर्ने व्यवस्था गरिनेछ ।

**स्वास्थ्य सम्बन्धी नीति**

**स्वास्थ्य नै धन हो निरोगी नै सफल जीवन हो ।**

**गुणस्तरीय स्वास्थ्यमा सम्पूर्ण नगरवासीहरुको पहुच सुनिश्चित गर्ने ।**

- सबै वडाहरुमा न्यूनतम एक आधारभूत स्वास्थ्य केन्द्र रहने नीति अवलम्बन गरिनेछ । आगामी आ वमा सबै वडाहरुमा न्यूनतम एक स्वास्थ्य केन्द्र स्थापना गरिनेछ ।
- प्रत्येक वडामा एक प्रयोगशाला स्थापना गरिनेछ । आगामी आ व मा थप दुइवटा स्थानमा प्रयोगशाला स्थापना गरिनेछ ।
- स्वास्थ्य सस्थाहरु कार्यररत प्राविधिक कर्मचारीहरुलाई ओ.पि.डी. समय १० बजे देखि २ बजे सम्म र २ बजे पछिसमुदायमा गएर प्रत्यक्ष स्वास्थ्यका जनचेतना मुलक कार्यक्रमहरु सञ्चालन गर्ने सुचनाहरु संकलन गर्ने( Community Mobilization ) गरीको व्यवस्था मिलाइनेछ ।
- औषधिको आपुर्तिलाई नियमित गर्न स्वास्थ्य सस्थाहरुमा क्रमश सामुदायिक औषधि कार्यक्रम(Community Drug Programme ) सञ्चालन गर्ने ।यसस कार्यक्रमको लागि आवश्यक विउ पुजीको व्यवस्थापन गरी सञ्चालन गरिनेछ ।
- नगरद्धारा विपन्न नागरिकहरुको लागि आर्थिक सहयोग ,विमा कार्यक्रम,निशुल्क एमबुलेन्स,आमा सुरक्षा प्रोत्साहन,प्रदेश १ भित्र रहेका अस्पतालहरु साथै टिचिङ्ग हस्पिटलहर सगं भगिनि सम्बन्ध स्थापना गर्न शान्ति **स्वास्थ्य कार्यक्रम** सञ्चालन गरिनेछ ।
- स्तान्नोतर भई १५ बेडको अस्पतालमा रुपान्तरण भएको प्राथमिक स्वास्थ्य केन्दलाई थप जनशक्ति,उपकरण,आर्थिक व्यवस्थापन लागि आवश्य कार्यविधितयार गरी लागू गरिनेछ ।
- विद्यालय स्वास्थ्य कार्यक्रम अर्न्तगत सबै स्वास्थ्य संस्थाहरुका प्राविधिकहरुलाई स्थानिय वडाका विघालयहरुमा स्वास्थ्य शिक्षा अभिमुखिकरण प्रदान गर्ने । वडाका स्थास्थ्य संस्थाबाट नियमित रुपमा विद्यालय भिजिटको व्यवस्था मिलाइनेछ ।
- स्वास्थ्यको सुचकहरुको आधारमा लक्ष्य अनुसारको राम्रो प्रगति हासिल गर्ने स्वास्थ्य संस्थालाई साथै स्वास्थ्य प्राविधिकहरु,म.स्वा.स्व.से.हरुलाई समेत पुरस्कृत गर्ने ।

- स्वास्थ्यको सुचकहरुको आधारमा लक्ष्य अनुसारको राम्रो प्रगति हासिल गर्ने स्वास्थ्य संस्थालाई साथै स्वास्थ्य प्राविधिकहरु,म.स्वा.स्व.से.हरुलाई समेत पुरस्कृत गर्ने ।
- स्वास्थ्य सस्था सञ्चालन तथा व्यवस्थापन समिति,स्वास्थ्य कर्मीहरु,म.स्वा.स्व.से.हरुको क्षमता अभिवृद्धिको लागि अवलोकन भ्रमण व्यवस्थापन गरिनेछ ।

**६) वन तथा वातावरण सम्बन्धी नीति :-**

**वन वातावरणको संरक्षण**

**मानव सभ्यताको दीगोपन**

- नगर क्षेत्रका मुल सडक दाया बायां, सार्वजनिक जमिन र खोला किनारमा वृक्षारोपण गरी हरियाली प्रबर्द्धन का लागि जिल्ला वन कार्यालय एवं विभिन्न वन उपभोक्ता समितिको साझेदारीमा नगरमा नमुना उद्यान निर्माणको थालनी गरिनेछ ।
- वनजंगल संरक्षणका लागि सामुदायिक वन उपभोक्ता समुहहरूसंग सहकार्य गरिनेछ । ईन्धनको प्रयोग वनक्षेत्रमा चाप कम गर्न वैकल्पिक उर्जाको प्रयोगमा जोड दिइनेछ ।
- कालोपत्रे सडक निर्माण गर्दा डिभाइडर तथा दुबैतर्फ वृक्षारोपणलाई अनिवार्य गर्ने नीति लिइनेछ तथा वातावरणमैत्री स्थानीय शासन अनुरुप Enviroment Managment plan (EMP) तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।
- हरित शहरको अवधारणा अनुरुप नगरभित्रका सार्वजनिक जग्गाहरुको खोजी गरी नगरपालिकामा हरियाली पार्क निर्माण गर्न पहल गरिने छ । साथै ***एक घर चार बिरुवा एक करेसावारी*** कार्यक्रमलाई कार्यान्वयनमा ल्याइनेछ ।
- खुदनावारी क्षेत्रमा हर्वल उधान/पार्क, वन वाटिका निर्माणको लागि साझेदारी/सहकार्यमा अगाडी बडाउने र खाली जमिन (ऐलानी तथा सार्वजनिक जग्गा नदि किनार) को संरक्षण गर्ने र उक्त स्थानमा फलफुलको वगैचा तथा वृक्षारोपण गर्ने नीति लिइनेछ ।
- नगरपालिका क्षेत्रभित्र रहेको साना ठुला नदी क्षेत्रमा विरिङ, टाङटिङ लगायतका नदी कटान नियन्त्रणका लागि संघ र प्रदेश सरकारसँग सहकार्य गरी दुवै तर्फ २० मी.को तटबन्धन तथा वृक्षारोपण र वायो इन्जिनियरीङ प्रणाली अवलम्बन गरिनेछ ।
- जनता आवास कार्यक्रम,राष्ट्रपति चुरे, जनताको तटवन्धन कार्यक्रमहरुलाई प्रभावकारी वनाउन पहल गरिनेछ ।

**कृषि तथा पशुपंक्षी सम्बन्धी**

**७)क) कृषि सम्बन्धी नीति :-**

**मानव जीवनको आधार**
**कृषि उपज नै हो आहार**

अर्जुनधारा नगरपालिकालाइ विषादि मुक्त, एवम् खाद्य पदार्थमा आत्मनिर्भर नगरपालिकाको रुपमा विकास गर्ने ।

१, कृषि वालीहरुको उत्पादकत्व बृद्धि गर्न सामुहिक/संस्थागत विकासमा जोड दिने नीति लिईनेछ । कृषि क्षेत्रको विकासमा सहकारी संस्था कृषक कृषि समूह तथा फर्महरुलाई समुचित वातावरण बनाईनेछ ।

२, कृषि उपजको यथोचित मुल्य प्राप्त गर्न कृषक समूह/कृषि सहकारी संस्था तथा उद्यमीहरु मध्येबाटै बजार समिति गठन गरी बजारिकरण गरिनेछ । कृषि उपजको बजारीकरण, उत्पादित सामाग्रीहरुको भण्डारन तथा ढुवानीमा निजी तथा सहकारी संस्थाहरुलाई उत्प्रेरणा संघीय तथा प्रादेशिक सरकारको संयोजनामा गरिनेछ ।

३, उत्पादित कृषि उपजहरुको मुल्य श्रृखला प्राप्त गर्न प्रशोधन उद्योग स्थापना तर्फ ध्यान पुर्‍याउने, त्यस्ता उद्योगहरु स्थापना र सञ्चालनमा सम्लग्न व्यक्ति वा फर्म कम्पनीलाई निश्चित मापदण्डका आधारमा सहयोग उपलब्ध गराउन संघ र प्रादेशिक सरकारको ध्यानाकर्षण गराईनेछ ।

४. प्रदेश सरकारसंग साझेदारी गरी कृषि फार्महरु विकास गर्दै लगिनेछ ।

५. विषालु रसायन युक्त खानेकुराहरु निरुत्साहित गर्दै अर्ग्यानिक खानेकुराहरु बेच्न तथा खान प्रोत्साहित गरिनेछ ।

६. समुदाय तथा करेसाबारीमै प्राप्त हुने औषधिजन्य वनस्पतिहरुको प्रवर्द्धन गर्दै भान्सा नै औषधालय अभियानलाइ निरन्तरता दिइनेछ ।

७, कृषि शिक्षालाई सामुदायिक बिद्यालयहरुमा एकिकृत रुपमा सञ्चालन गरिने ।

८, अर्जुनधारा नगर, प्राङ्गारिक शहरको नारा झल्कने गरी नगरका बासिन्दाहरुको स्वास्थ्यलाई ध्यानमा राखी प्रत्येक घरधुरीले करेसावारी तरकारी खेती अनिवार्य सञ्चालन गर्ने, शहर बजारका बासिन्दाहरुले समेत कौशी तरकारी खेतीको माध्यमबाट अनिवार्य तरकारी उत्पादन गर्ने नीति लिईने ।

९, यसनगर क्षेत्रमा सञ्चालनमा रहेका कृषि तथा पशुजन्य सामाग्रीको कारोवार गर्ने (एग्रोभेट) व्यवसायहरुको अध्यावधिक गर्नको लागि अनिवार्य सूचिकृत गरिने । सूचिकृत हुन नआउने व्यवसायिहरुको व्यवसाय खारेजी सम्मको कार्बाही गर्ने ।

१०, अर्जुनधारा नगर क्षेत्रमा रहेका कृषि मजदुर, नदिनाला, सिंचाईका पुलपुलेसा, बेरोजगारको अवस्था, आदिको विवरण अध्यावधिक गर्ने कार्यलाई कार्यक्रममा समावेश गरी तदारुकता दिने ।

११, यस नगर क्षेत्रको माटो सुधारका लागि आगामी दुईबर्ष भित्रमा कृषि चुन खरिद तथा ढुवानीलाई प्राथमिकता दिई कृषकलाई अभियानको रुपमा सहभागी गराउने नीति अवलम्बन गर्ने ।

१२, कल्ष्टरको आधारमा प्राङ्गारिक मल, गड्यौलेमल, जैविक विषादी उत्पादन केन्द्रहरुको स्थापना र सञ्चाल गरी रासायनिक पर्दाथको प्रयोगलाई घटाई क्रमशः न्युनिकरणमा जोड दिने ।

१३, दूध, फूल, मासुमा आत्मानिर्भर भै पशुजन्य पदार्थको औद्योगिकरण तथा बजारिकरण गरी गरीवी न्युनिकरण गर्ने र पशुपक्षी जन्य पदार्थको समेत निर्यात्त गर्ने ।

१४, पहिचानमा आएका पकेट क्षेत्रहरुको विकास र विस्तार गर्ने कार्यलाई प्राथमिकता दिई आत्मनिर्भर बाईनेछ । साथै एकैवाली वस्तुको क्षेत्रफल विस्तार गरी प्रधानमन्त्री कृषि आधुनिकिकरण कार्यक्रमको उद्देश्य बमोजिम पकेट, ब्लक,जोन र सुपरजोनको अवधारणा बमोजिम सघन वाली उत्पादन प्रशोधन र बजारिकरण कार्यमा सम्लग्नलाई माथि जोडिदिन

प्रोत्साहनको नीति अवलम्बन गरिने । वैदेशिक रोजगारवाट फर्किएका यूवाहरुलाई लक्षित गरी उन्नत पशुपालन तथा व्यवसायीक कृषी पेशालाई प्रोत्साहन गरिनेछ ।

कृषि तथा पशुपालनमा संलग्न कृषकहरुलाई व्यवसायको उचित मुल्याकन गरी छनौट तथा नतिजाका आधारमा विभिन्न अनुदान उपलब्ध गराई प्रोत्साहन गर्ने नीति अवलम्बन गरिनेछ ।

रासायनिक प्रयोगकर्ता कृषक फर्म समूह वा सहकारीहरुलाई नगर प्रदेश वा संघबाट प्रदान गरिने अनुदानमा कडाईका साथ वितरणमा ध्यान पुऱ्याईनेछ ।

**७ ख) पशपंक्षी, मत्स्य तथा कछुवा सम्बन्धी नीति :-**

**प्राकृतिक छिमेकी जिवनको लागि उपयोगि**

- ✓ अर्जुनधारा नगरपालिकालाई दूध, फूल (अण्डा), मासुमा आत्मनिर्भर बनाइनेछ । जसको लागि पशुपंक्षी तथा मत्स्य कार्यक्रमलाई विस्तार गरी बृहत पकेट प्याकेज कार्यक्रमलाई सञ्चालन गरिनेछ ।
- ✓ कृषिक्षेत्रलाई औद्योगिकरणमा रुपान्तरण गरी कृषि तथा पशुजन्यपदार्थको प्रशोधन तथा विविधिकरण गरी मूल्य श्रृङ्खलामा जोड दिने कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- ✓ बोयर बाख्राको स्रोतलाई विस्तार गरी बोयर बाख्राको बीऊ तथा मासुउत्पादनमा वृद्धि गर्न कार्यक्रमलाई निरन्तर दिइनेछ ।
- ✓ कृषकहरुको चाहना, आवश्यकता र मागलाई ध्यानमा राखी कृषक समूह/सहकारी मार्फत पशुपंक्षी तथा मत्स्यविकास नीजि तथा कार्यक्रम संचालन गरी उत्पादन, प्रशोधन, विविधिकरण र बजारिकरण गर्न संघ प्रदेश सँग समन्वय सहजिकरण गरिनेछ ।
- ✓ दुग्ध उत्पादनलाई व्यवस्थापन गर्न समूह सहकारी तथा नीजिमा सहयोग गरिनेछ ।
- ✓ मासु बजारलाई व्यवस्थित गर्न मासु पसल सुधार बध स्थलको व्यवस्थापन र जथाभावी बिक्रि वितरणलाई निरुत्सहान छ ।
- ✓ दुध र मासुको उत्पादकत्वमा वृद्धि गर्नको लागि नश्ल सुधार कार्यक्रमलाई विशेष जोड दिइनेछ जसका लागि १०० प्रतिशतको बोयरको सिमेन, गाईको बाछी मात्र जन्मिने सिमेनको व्यवस्था संघ र प्रदेश सरकारको समन्वयमा गरिनेछ ।
- ✓ घाासमा आधारित पशुपालन व्यवसायलाई जोड दिन लगाईनेछ ।
- ✓ अर्जुनधारा नगरपालिका को टाङ्गटिङ्ग, बिरिङ्गखोलामा मात्र पाइनेध्वांसे,पाते जस्ता विश्वकै दुर्लभ प्रजातिको कछुवाको संरक्षण गर्न टि.आर.सि.संस्थासंग साझेदारीमा कार्यक्रम सञ्चालन गरिनेछन् जुन नगरको पहिचान कायम हुनेछ ।

अर्जुनधारा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शनिश्चरे, झापा
१ नं.प्रदेश, नेपाल

- ✓ दुधजन्य पर्दाथहरुको बजारिकरण गर्न स्कुल कलेज होटल, अस्पताल लगायत अन्य ठाउंहरुमा डेरी स्टलको स्थापना गरी दुग्ध बजारलाई व्यववस्थित गर्दै लगिनेछ ।
- ✓ प्लाष्टिकजन्य भाडामा दुग्धको प्रयोग गर्दा मानव स्वास्थ्यमा नकारात्मक असर पर्ने भएको हुदा प्लाष्टिकजन्य सामाग्रीमा ओसार पोसार गर्न लगाईनुका साथै केही अनुदानमा समेत व्यवस्थापन गरिनेछ ।
- ✓ पशुपंक्षीमा लाग्ने महामारिको रोग नियन्त्रणका लागि खोपको व्यवस्थापन गरिनेछ ।
- ✓ पशुपंक्षी उपचारलाई गुणस्तर बनाउन प्रयोगशालालाई सुदृढिकरण गरिनेछ ।
- ✓ युवा जन शक्तिलाई विदेश पलायन हुनबाट रोक्न स्वरोजगारको कार्यक्रम संघ तथा प्रदेश सरकारको समन्वयमा सञ्चालन गरिनेछ ।
- ✓ पशुपंक्षीधनको सुरक्षा गर्न पशुपंक्षी तथा माछा बीमा कार्यक्रमलाई प्रभावकारी रुपमा क्रमशः सञ्चालन गरिनेछ ।
- ✓ पशुपालन व्यवसायलाई थपवृद्धि गर्न प्रोत्साहन हुने कार्यक्रमहरु संघ तथा प्रदेश सरकारको समन्वयमा सञ्चालन गरिनेछ ।
- ✓ कृत्रिम गर्भाधान गर्ने कृषकहरुलाई कृत्रिम गर्भाधान गर्दा लाग्ने लागत खर्चमा २५ प्रतिशत छुटको व्यवस्थापन गरिनेछ ।
- ✓ गरिबी न्युनिकरण गर्न आयआर्जन कार्यक्रम सञ्चालनगरिनेछ ।
- ✓ महिला, आदिवासी, जनजाती र लक्षीत वर्गको कृषकहरुलाई समेट्ने गरी पशुपालन कार्यक्रम सञ्चालन गरिनेछ ।
- ✓ अर्जुनधारा नगरपालिकामा क्रमशः पकेट क्षेत्रको विस्तार गर्दै आत्मनिर्भर बनाउँदै लगिने र प्रशोधन बजारिकरणको लागि संघ र प्रदेश सरकारसँग समन्वय गर्दै लगिनेछ
- ✓ एल.पि.ग्यासलाई प्रतिस्थापन गर्न गोबरग्यांस तथा गोठ निर्माणमा विशेष जोड दिइनेछ ।
- ✓ घासको बीउबिजन र बिरुवामा कृषकहरुलाई ५० प्रतिशत छुट दिइनेछ ।
- ✓ भैसीपालन व्यवसाय लोप हुदै गएको हुनाले भैसी संरक्षण कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- ✓ कृषकहरुको ज्ञान, सिपलाई दक्ष बनाउन स्तरोउन्नती गर्न तालिम, गोष्ठी तथा कृषक अवलोकन भ्रमण गराइनेछ ।
- ✓ कर्मचारीको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिने ।
- ✓ पशुपंक्षी फार्म सञ्चालनका लागि मापदण्ड बनाइ लागु गरिनेछ ।
- ✓ कृषक समूह/सहकारीलाई व्यवस्थित गर्न निर्देशिका र कार्य विधि बनाइ लागु गरिने छ ॥
- ✓ परजिवी नियन्त्रण कार्यक्रमलाई प्राथमिकतामा राखी कार्यक्रम सञ्चालन गरिनेछ ।

- ✓ निजि पशु स्वास्थ्य प्राविधिक र एग्रो भेटहरुलाई व्यावस्थित गर्न कार्य विधि बनाई लागू गरिन्ने छ ।
- ✓ रेबिज रोग नियन्त्रण गर्न कार्यविधि तथा निर्देशिका बनाई घरपालुवा कुकुर बिराल र सामुदायिक कुकुरहरुको व्यवस्थापन गरिनेछ ।
- ✓ पशु पालन सम्बन्धि जनचेतनात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- ✓ घास काट्ने मेशिनमा (च्यापकटर मेशिन)५० प्रतिशत छुटको व्यवस्थापन गरिनेछ ।
- ✓ बिज केन्द्र,प्रदेश सरकार, संघीय सरकार तथा विभिन्न संघसंस्थासंग समन्वय गरी पशुपंक्षी तथा मत्स्यसम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।
- ✓ निर्माणाधिन गुरुयोजना अनुसार प्रत्येक वडाका टोल टोलबाट उत्पादिन कृषि उपज संकलन वितरण स्टल क्रमश गर्दै लगिने छ ।

**८) उद्योग, वाणिज्य एव बजार व्यवस्थापन नीति :-**

उद्योग वाणिज्यको विस्तार
समृद्धि र रोजगारीको आधार

❖ नगरपालिका क्षेत्रभित्र रहेका बजारहरुलाई व्यवस्थित गर्न र विकास र विस्तारको लागि आवश्यक कार्य योजना तर्जुमा कार्यान्वियनका लागि सवै पक्षलाई समेटेर बजार व्यवस्थापन समिति गठन गर्ने र प्रभावकारी रुपमा बजार व्यवस्थापन गर्ने नीति लिइनेछ । शनिश्चरे, खुदुनाबारी, लक्ष्मिपुर लगायतका बजारहरुलाइ व्यवस्थापन गर्न आवश्यक कार्यक्रमहरु संचालन गरिनेछन । शनिश्चरे बजार तथा खुदुनाबारी बजारलाइ थप व्यस्थित गर्न आवश्यक रकम विनियोजित गरिएको छ ।

❖ प्रचलित कानुन बमोजिम स्वीकृती नलिएका र दर्ता नभएका पसल/व्यवसायलाई अनिवार्य रुपमा दर्ता गराउने नीति लिइनेछ । दर्ता नगरी संचालनमा रहेका तथा नविकरण नगरेका व्यवसायीलाइ आगामी आ.ब.को पौष मसान्त भित्र दर्ता वा नविरणका लागि आएमा जरिवाना लिइने छैन ।

❖ बजार अनुगमन लाइ थप व्यवस्थित एवम सघन गराउदै उपभोत्तालाई गुणस्तरयुक्त बस्तु तथा सेवा उपलब्ध गरिनेछ । नापतौल, मूल्य सूची एवम गुणस्तरियतामा लापरबाह वा गैर जिम्मेवार देखिएका व्यवसायीलाइ निरुत्साहन गर्न स्थानिय उद्योग वाणिज्य संघ, उपभोक्ता हितको क्षेत्रमा कार्यरत संघ संस्थाहरु तथा कानून व्यवसायीहरु समेतको परामर्शमा आवश्यक कानूनी व्यवस्थामा सुधार गरिनेछ ।

❖ बजार अनुगमन एवम् उपभोक्ता हित संरक्षण को कार्यलाइ थप व्यवस्थित गर्न वडा स्तरमा वडाध्यक्षको संयोजकत्वमा वडा बजार अनुगमन समितिहरु गठन गरिनेछ । बजार अनुगमनका लागि आवश्यक उपकरणहरु खरिद गर्नुका साथै यस कार्यमा संलग्न कर्मचारीहरु तथा पदाधिकारीहरुको क्षमता अभिवृद्धि गरिनेछ ।

**९) भु - उपयोग, शहरी विकास तथा व्यवस्थित वस्ती विकास नीति :-**

- नगरक्षेत्रको भूउपयोगलाई व्यवस्थित तुल्याउंन नगर भूउपयोग नीति तयार गरी लागु गरिने छ। नगरपालिकाका क्षेत्र भित्रको जग्गालाई खण्डिकृत हुनबाट रोक्न र Land Pooling को अवधारणालाई कार्यान्वयन गर्न संघ र प्रदेश कानुन अन्तर्गत रही कार्यान्वयन गरिनेछ।
- वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्ड २०७२ र नगरपालिकाले तयार गरेको नक्सा पास सम्बन्धी कार्यविधिलाई कडाइका साथ कार्यान्वयनमा ल्याईनेछ। नक्शा पास नगरी बनाउन शुरु गरेका घरहरुको स्थलगत सर्जमिन गराइ जग्गाको सांधसिमाना मिलेको तथा प्राविधिक हिसाबले उपयुक्त भएमा सामान्य अवस्थामा लाग्ने दस्तुको तेब्बर दस्तुर लिएर मात्र नक्शा पास गरिनेछ।
- बाटोको क्षेत्राधिकार ( Right of way and Set Back) भित्र परेका घरहरुको नक्शा दर्ता तथा नक्शा पास गरिनेछैन। पुराना (बनिसकेका) घरहरुको हकमा सेटब्याक क्षेत्र भित्र रहेका घरहरुको ननपासेवल (ल्यल एबककबदभि) क्षेत्र देखाइ नक्शा पास गरिनेछ।
- नगरपालिकाले नगरक्षेत्र भित्र घर निर्माणमा संलग्न डकर्मि, मिस्त्री आदिलाई भवन संहिता र भवन निर्माण सम्बन्धी तालीम दिइ अव नगरमा बन्ने जुनसुकै घरहरु तालीम प्राप्त जनशक्तिले मात्र बनाउन पाउने व्यवस्थाको शुरुवात गरिनेछ।
- जग्गा खण्डिकरण तथा व्यवस्थापनका लागि मापदण्ड बनाइ लागु गरिनेछ।

१०) **पर्यटन विकास नीति :-**

**सँस्कृति र पहिचान विकासको संरक्षण**

**सद्भाव र सम्मानजन्य पर्या पर्यटनको विस्तार**

- नगरमा रहेका धार्मिक, सांस्कृतिक तथा पर्यटकीय महत्वका स्थानहरू र साहित्य कला संस्कृतिको संरक्षण तथा सम्वर्द्धन गरिनेछ। अर्जुनधाराधाम नेपाल सरकारको १०० पर्यटकिय गन्तव्यमा परेको हुदा यसको प्रवर्द्धनका लागि विशेष कार्यक्रमहरु संचालन अनुगमन गरिनेछ।
- धार्मिक तथा ऐतिहासिक महत्व वोकेको नगर क्षेत्रका अन्य स्थानहरु शहीद सुखानी स्मृति प्रतिष्ठान,सोह्रो विभूति फाल्गुणानन्द,संकराचार्य पीठ,जलकन्या शक्ति पीठ वुडानीलकण्ठ, पाण्डापुर धाम, कालिस्थान पीठ, शाकम्वरी देवि मन्दिर, पञ्चकन्या धाम र जेठो वौद्ध गुम्वा कालिस्थान लगायत अन्य सम्भावित क्षेत्रको गुरुयोजना निर्माण गरी पर्यटकीय क्षेत्रको रुपमा रुपान्तरण गर्न सरोकारवाल नीकायहरुसंग सहकार्य गरिनेछ। नयां पर्यटीय क्षेत्रहरुको पहिचान तथा उक्त क्षेत्रको विकासको लागि सार्वजनिक निजी साझेदारीको अवधारणालाई अवलम्वन गरिनेछ।
- ऐतिहासिक धार्मिक तथा पुरातात्विक मठ, मन्दिर गुम्बा, विहार र संस्कृति आदिको संरक्षण तथा सम्बर्धन गर्दै होम स्टे तथा सानो पर्यटन व्यवसायी ,उद्यमीहरुलाई सम्बन्धित क्षेत्रको आय आर्जनसंग अन्तर सम्बन्धीत गर्ने नीति अवलम्बन गरिनेछ। यसै वर्ष साठिमुरेमा विराट श्री कृष्णको प्रतिमा प्रतिस्थापन एव्र सहकाले क्षेत्रको एकिकृत पर्यटकिय विकासको लागि संघ तथा प्रदेश सरकारको समन्वयमा गरिनेछ।

११) **लैङ्गिक समावेशीकरण(GESI) ,यूवा तथा खेलकुद सम्बन्धि नीति :-**

- खेलकुदलाई नगरवासीहरुको मानसिक तथा शारिरीक स्वास्थ्यसग अन्तरसम्बन्धित बनाई सामुहिक भावना विकास गर्न र सामुहिक भावना तथा मर्यादित र अनुशासित जीवनपद्धति अवलम्बन गर्न खेलकुदमा सहभागिताका लागि प्रोत्साहित गरिनेछ ।
- चौथो नगर सभाबाट स्विकृत भएको नगर खेलकुद समितिलाइ पूर्णता दिइ नगर भित्र संचालन हुने खेलकुदका गतिविधिहरु यसै समिति मार्फत संचालन गर्ने व्यवस्था मिलाइनेछ ।
- प्रदेश सरकार संग समन्वय गरि प्रदेश सरकारको **एक पालिका एक खेल मैदान** नीति अन्तर्गत नगरक्षेत्र भित्र उचित स्थानमा खेलमैदान निर्माण गर्न पहल गरिनेछ ।
- लक्षित वर्गको (दलित, विपन्न महिला, आदिवासी/जानजाति, अपाङ्ग, जेष्ठ नागरिक, पिछडा वर्ग) उत्थान, अतिरिक्त आयआर्जन साँस्कृतिक पहिचान संरक्षण विकासका लागि गरिवी निवारणका कार्यक्रमहरु संचालन गरिनेछ ।
- **Safer Migration (SaMi)** परियोजनासंग सहकार्य गरी सुरक्षित आप्रवासन सम्बन्धि सुचना कक्ष स्थापना र जनचेतनामूलक कार्यक्रमहरु नीरन्तर सञ्चालन गरिनेछ ।
- अर्जुनधारा नगरपालिकालाई बालमैत्री नगर प्रवर्द्धनको **(CFLG)** विकास गर्न बालबालिकाको वस्तुगत विवरण तथा लगानी योजना तर्जुमा भैसकेको छ । उक्त लगानी योजनाले निर्दिष्ट गरेबमोजिम बाल बचाउट, बाल संरक्षण, बाल विकास, बाल सहभागिता तथा संस्थागत व्यवस्थापनका आवश्यक कार्यक्रमहरु संचालन गर्ने नीति लिइनेछ ।
- नगरपालिका क्षेत्रभित्र निर्माण हुने सार्वजनिक भौतिक संरचनाहरु **अपाङ्ग मैत्री**, महिला मैत्री तथा बाल मैत्री बनाउने कार्य लागु गरिनेछ ।
- यस नगरपालिका लाइ महिला मैत्री नगरपालिकाको रुपमा विकास गर्न आवश्यक रणनीतिंहरु तय गरी सोहि बमोजिम कार्यक्रमहरु संचालन गरिनेछ ।
- नगर युवा समितिलाइ पूर्णता दिइ यसै समिति मार्फत युवा लक्षित कार्यक्रमहरु संचालन गरिन्छ ।
- कला साहित्य धर्मकला, संस्कृति तथा साहित्यको विकास र उत्थानका लागि चौथो नगर सभाबाट अनुमोदित युवा खेलकुद कला साहित्य सँस्कृति समिति गठन क्रियाशिल गराइ आवश्यक बजेट विनियोजन गरी त्यस्ता सम्पदाहरुको संरक्षण सवर्द्धन गरिनेछ ।
- प्रौढहरुलाई आफ्नो उमेर समूहका साथीभाइहरुसाग रमाइलो सामाजिक वातावरणमा नियमित भेटघाट, सम्पर्क गर्न " जेष्ठ नागरिक भेटघाट केन्द्र" स्थापना गरी दिवा खाजाको समेत प्रबन्ध मिलाउने कार्य प्रारम्भ गरिने छ ।
- राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरु, निजी क्षेत्रसंग साझेदारी तथा सहकार्य गर्ने नीति लिइनेछ ।
- वैदेशिक रोजगारीलाई व्यवस्थित, मर्यादित र भरपर्दो बनाउनका लागि नगरपालिकामा सामीको सहोयोग तथा समन्वयमा एक सुचना केन्द्र स्थापना गरी जनचेतना मुलक कार्यक्रमहरु संचालनमा ल्याइनेछ ।

**१२) राजश्व र वित्तिय सम्बन्धी नीति :-**

**तिव्र विकासको आधार**

### राजश्व नै हो जिम्मेवार

❖ आर्थिक ऐनले निर्दिष्ट गरेका कर, दस्तुर, सेवाशुल्क नगरपालिकाको आय श्रोत अभिवृद्धि गरिनेछ।

❖ नगरपालिकाको दिर्घकालिन आय श्रोत वृद्धिका लागि मालपोत करलाइ जग्गाको मूल्यांकनको आधारमा लिइने व्यवस्था मिलाइनेछ। धुरीकरलाइ विस्थापित गरी घरजग्गा कर (सम्पत्ति कर) लागू गरिनेछ। आगामी आ.व.को लागी जग्गाको न्यूनतम मूल्यांकन गत आ.व. कै मूल्यांकनमा कुनै फेरबदल नगरी राखिएको छ। साथै कर प्रयोजनका लागि घर जग्गा मूल्यांकन स्वघोषणामा आधारित हुनेछ।

❖ कर प्रशासनलाइ चुस्त बनाउन घर जग्गा कर तथा मालपोत एकै समयमा एउटै बिलबाट तिर्नुपर्ने व्यवस्था गरिएको छ।

❖ राजस्व प्रशासन सुधारका लागि वडा सचिव र सहायक कर्मचारीको क्षमता अभिवृद्धि गर्दै आवश्यक लजिष्टिकहरुको व्यवस्थापन गरिनेछ।

❖ आगामी आ वमा कर तथा राजस्वका थप क्षेत्रहरु पहिचानका एवम् राजस्व प्रशासन सुधारका लागि तेस्रो पक्षबाट अध्ययन गराइनेछ।

१३) **सुशासन सम्बन्धी नीति :-**

### पारदर्शी प्रशासन
### सहमतिय शासन

❖ यस नगरपालिकालाई पारदर्शी, जनउत्तरदायी, कानुनी शासनको जनतामा प्रत्याभूति गराउने कार्यमा हामी जनप्रतिनिधीहरु स्वभाविक जिम्मेवारी हुने नै हौ, नगरपालिकामा स्थायी संरचनामा रहने कर्मचारीहरुलाई सुशासनको प्रत्याभूति जनतामा पुऱ्याउने कार्यका लागि आवश्यक रुपमा मौद्धिक र गैरमौद्धिक प्रोत्साहन र सेवा सुविधा प्रदान गरिनेछ।

❖ कर्मचारीहरुको कामलाइ मर्यादित एवम् अनुशासित बनाउन कर्मचारी आचार संहिता तयार गरी लागू गरिनेछ। गुनासो सुन्ने अधिकारी, सुचना पार्टी नागरिक वडापत्र, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाईलाई निरन्तरता तथा प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याइनेछ।

❖ वडामा रहने कर्मचारीहरुको मनोबल वृद्धि गर्न आवश्यक प्रोत्साहनको व्यवस्था गरिनेछ।

❖ स्थानीय अखवारछापा,रेडियो,अनलाईन सञ्चार माध्यामहरुलाई प्रोत्साहान र प्रवर्द्धन गरिनेछ।

❖ विद्युतीय सुशासन (E Gavernance) लाई सबै वाडामा कमश लागु गर्दै लगिनेछ।

❖ नगरपालिकाबाट भुक्तानी दिदा कर्मचारी तथा जनप्रतिनिधिहरुलाइ सबै प्रकारका भुक्तानीहरु बैंक खाता मार्फत भुक्तानी दिइनेछ। उपभोक्ता समिति, विभिन्न समुह तथा नगरपालिका संग कारोबार गर्ने फर्म तथा कम्पनिहरु लाइ भुक्तानी दिदा समेत बैंक खाता मार्फत भुक्तानी दिइनेछ। बैंक खाता नभएका फर्महरु संग नगरपालिकाले आर्थिक कारोबार गर्ने छैन। व्यक्तिको हकमा बैंक खाता नभएमा रु विस हजार सम्म नगद र सो भन्दा माथि अनिवार्य रुपमा बैक खातामा भुक्तानि दिइनेछ।

- ❖ सामाजिक सुरक्षा भत्ता कार्यक्रमलाई वैकिङ प्रणाली मार्फत वडा वडाबाट नै वितरण गर्ने व्यवस्था मिलाउने नीतिलाई नीरन्तरता दिइनेछ ।
- ❖ ***"न्याय र समानता हाम्रो प्रतिवद्धता" भन्ने*** मुख्य उद्धेश्यलाइ नगरपालिकाको न्यायिक समिति मार्फत छिटो छरितो किसिमले नगरमा हुने विभिन्न किसिमका विवाद समाधानका लागि मेलमिलाप तथा मध्यस्थता गरिनेछ । वडास्तरमा समेत मेलमिलाप सम्बन्धी कार्यक्रमहरु संचालन गरि विवाद समाधानका लागि सहजिकरण गर्ने नीति लिइनेछ । पिछडिएको क्षेत्र र समुदायमा लैङ्गिक विभेद तथा जातिय विभेद अन्त्यका लागि कानूनी शिक्षा र शसक्तिकरणका कार्यक्रमहरु अगाडी वडाइनेछ ।

योजना संचालन, अनुगमन तथा नियमन

- ❖ नगरपालिकाबाट संचालन हुने योजनाहरुको अनुगमन गरेर मात्र भुक्तानी दिने व्यवस्थालाइ निरन्तरता दिइनेछ ।
- ❖ नगरसभाबाट स्विकृत भौतिक निर्माण सम्बन्धि योजनाहरु प्राविधिक दृष्टिकोणबाट गर्न सम्भव नदेखिएको अवस्थामा बाहेक संशोधन गरिनेछैन ।
- ❖ योजनाहरु संचालन लाइ थप व्यवस्थित गर्न भौतिक निर्माण सम्बन्धि योजनहरुबाट एक प्रतिशत रकम कन्टिन्जेशीको रुपमा कट्टा गरी सो रकम बाट करारमा प्राविधिक कर्मचारी राखी नियमित सुपरिवेक्षणको व्यवस्था गरिनेछ ।
- ❖ वर्षको अन्त्यमा बजेट सक्ने परिपाटिको अन्त्य गर्न नगरसभाबाट स्विकृत भौतिक निर्माण सम्बन्धि योजनाहरु चैत्र मसान्त भित्रमा सम्झौता गरी बैशाख मसान्त भित्रमा सम्पन्न गरी सक्नुपर्नेछ । तथा ज्येष्ठ महिनाको १५ गते भित्र रकम फरफारक गरिसक्नुपर्नेछ ।
- ❖ उपभोक्ता समितिको कार्य गुणस्तरीय तथा छिटो छरितो बनाउन नगर कार्यपालिकामा सम्झौता पश्चात अन्य प्राविधिक मूल्यांकन अनुगमन लगायतका कार्य वडामा केन्द्रित गरी उपभोक्ता कार्यालय धाउने प्रचलनलाई निरुत्साहित गरिदै लगिनेछ ।

सभाध्यक्ष महोदय,

अब म आगामी आर्थिक वर्ष २०७६।७७ का लागि बजेट प्रस्तुत गर्न गैरहेको छु। नगरपालिकालाइ केन्द्र सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने सशर्त अनुदान, वित्तिय समानीकरण अनुदान, राजस्व बांडफांडको रकम, नगरपालिकाको आन्तरिक आय, संघीय तथा प्रदेश सभासद पूर्वाधार विकास तथा विभिन्न निकायहरुबाट प्राप्त हुने आयलाइ समावेश गरी कुल आयको प्रक्षेपण गरिएको छ। यस कममा जन सहभागिताबाट नगरपालिकाको खातामा प्राप्त हुने आयलाइ समेत कुल आयमा समावेश गरिएको छ। अघिल्लो आ व को यथार्थ अनुमान, चालू आवको संशोधित अनुमान तथा आगामी आ व को अनुमानित रकम समेतको आय र व्ययको विस्तृत विवरण अनुसुचीमा रहेको छ। उक्त विवरणको सारांश म यहा प्रस्तुत गर्न चाहन्छु। आगामी आर्थिक वर्षको लागि रु एक अरब पांच करोड नब्बे लाख को कुल आय प्रक्षेपण गरिएको छ। उक्त आयलाइ देहायबमोजिम विभिन्न शिर्षकहरुमा खर्च प्रस्ताव गरिएको छ।

माथि उल्लेखित नीतिहरु कार्यान्वयन गर्न रु एक अरब पांच करोड नब्बे लाख विनियोजन गरिएको छ। यस मध्ये पुंजीगत तर्फ चौतिस करोड बत्तिस लाख तथा चालु तर्फ सात करोड नब्बे लाख विनियोजन गरिएको छ। केन्द्रिय सशर्त अनुदान तर्फ बाट सत्र करोड नब्बे लाख, सामाजिक सुरक्षा भत्ता तर्फ. तेह करोड, केन्द्रिय सरकार समपुरक अनुदानबाट एक करोड, विशेष अनुदान बाट दस करोड प्रस्तावित गरिएको छ। तराइ मधेश समृद्धि कार्यक्रम तर्फ रु नौ करोड प्रस्तावित गरिएको छ।

केन्द्रबाट प्राप्त हुने सशर्त तथा विशेष अनुदान बाहेक वितिय समानीकरणबाट प्राप्त हुने आयबाट कृषि, पशुपंक्षि विकास, शिक्षा तथा स्वास्थ्यमा एक एक करोडका दरले विनियोजन गरिएको छ। वडागत शिलिंग रु ९ करोड विनियोजन गरिएको छ। यसलाइ वडागत क्षेत्रफल, जनसंख्या तथा राजस्व प्राप्तिका आधारमा विभाजन गरिएको छ।

माथि उल्लेखित बजेटहरुलाइ क्षेत्रगत रुपमा विनियोजन गरी विनियोजन विधेयकमा पेश गरेको छु। बजेट तर्जुमा, राजस्वको दर तथा दायरा निर्धारणमा सहयोग गर्नु हुने नगर प्रमुख ज्यु, वडाध्यक्षज्युहरु, विषयगत समितिहरुका संयोजक तथा सदस्यज्यूहरु, कर्मचारीहरु, उद्योग वाणिज्य संघका प्रतिनिधिहरु, विभिन्न संघ संस्थाका प्रतिनिधिहरु प्रति हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्न चाहन्छु।

हरी कुमार राना मगर
नगर प्रमुख